लुम्बिनी प्रदेश सरकार

कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय

पशुपन्छी तथा मत्स्य निर्देशनालय

भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र

पत्रसंख्या ०८२/०८३

च.न. १६९

मिति :२०८२/०७/१७

प्रस्ताव आह्वान सम्बन्धि सूचना ।

प्रथम पटक प्रकिशत मितिः२०८२/०७/१७

भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र अर्घाखाँचीको आ.व.२०८२/८३ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार तपसिल अनुसारका कार्यक्रमहरुमा सहभागि हुन ईच्छुक आवेदकले सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र (मिति २०८२/८/१ गते सम्म कार्यालय समय भित्र) यस कार्यालयमा तपसिलको कागजातहरु सहित निवेदन पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । प्रस्ताव साथ पेश गर्नु पर्ने निवेदनको ढाँचा, व्यवसायिक योजना, सञ्चालन कार्यविधि यस कार्यालयको सूचनापाटी/वेवसाईट www.arghakhanchi.vethos.gov.np बाट प्राप्त गर्न सकिनेछ । थप जानकारीको लागि यस कार्यालयको सम्पर्क नं. ०७७ ४२००७२, ४२०११६ मा सम्पर्क गर्न सकिनेछ ।रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु समावेश नहुने व्यहोरा समेत जानकारी गराईन्छ ।

तपशिलः

क्र.स.	कार्यक्रमको नाम	संचालन गर्न सकिने कृयाकलापहरु	न्यूनतम मापदण्ड	कार्यक्रम संचालन हुने स्थान	आवेदकको किसिम	अनुदानको सिमा
१	**महिला** बालबालिका लक्षित पोषण सुधार कार्यक्रम	• **पोषण/आहारा व्यवस्थापन** • खोप र उपचार • ६ हप्ते स्थानीय तथा ग्रामिण कुखुराका चल्ला वितरण (ढुवानी सहित) • तालिम • दानापानीका भाँडा • परजिवि नियन्त्रण	• जनस्वास्थ्य कार्यालयद्वारा पहिचान भएको कुपोषणग्रस्त क्षेत्रमा प्राथमिकता दिई कार्यक्रम गर्नु पर्ने • कम्तिमा २० घरधुरी समेटी समूह गठन गरी कार्यक्रम सञ्चालन गर्नुपर्ने • प्रति समूह ६ हप्ता हुर्किएको ६०० वटा कुखुराका चल्ला वितरण गर्नु पर्ने • चल्ला खरिद गर्दा अनिवार्य रुपमा सरकारी श्रोत केन्द्र (कुखुरा विकास फार्म खजुरा) मार्फत खरीद गर्नुपर्ने • कार्यालयले सम्भाव्यताका आधारमा उपयुक्त स्थान तथा सहभागि छनौट गर्न सक्नेछ	जिल्लाभर	कृषक समूह/ समिति/सह कारी	कार्यालयले लागत अनुमान स्वीकृत गरी वस्तुगत सहयोग उपलब्ध गराउने ।
२	डेरी तथा मासु पसल सूधार/ निर्माण (चिस्यानकेन्द्र समेत)	• आवस्यक भौतिक पूर्वाधार निर्माण/सुधार,मेशिनरी/औजार/उपकरण, सामाग्री खरिद तथा अन्य व्यवस्थापन । • जिउंदो माछा पसलको हकमा कम्तीमा १०० के जी क्षमता भएको ट्याङ्क निर्माण सहित आवश्यक अन्य व्यवस्थापन ।	• फर्म/कम्पनी/समूह/कृषि सहकारी मार्फत कार्यक्रम सञ्चालन गर्ने • डेरी पसल मासु पसल तथा जिउंदो माछा पसलको हकमा क्रमशः दैनिक १०० लि. दूध ५० के.जी.मासु र ५० के.जी. माछाको कारोवार गरेको हुनु पर्ने । • भाडामा लिई व्यवसाय सञ्चालन गरेको हकमा कम्तिमा ५ वर्षको करारनामा पेश गर्नु पर्ने। • अनुसूची १८, १९, २० र २१ अनुसार	जिल्लाभर	फर्म/कम्पनी/ समूह/कृषि सहकारी	प्रति आयोजना अधिकतम ५०% वा अधिकतम १ लाखसम्म अनुदान दिन सकिने

कार्यालय प्रमुख

			मापदण्ड पुरा गर्नु पर्ने			
३	बालीवस्तु विशेष प्रबर्धन कार्यक्रम (बाख्रा पालन)	• कार्यालयले अनुसूची ३२ बमोजिमकाकृयाकलापहरु सञ्चालन गर्ने । • खोर निर्माण/सुधार • नश्ल सुधारका लागि प्रजनन् योग्य बोका खरिद • घाँसउत्पादन/आहारा व्यवस्थापन । • क्षमता अभिबृद्धि तालिम औषधी उपचार, प्राविधिक सेवा, मेशिनरी औजार तथा बजार व्यवस्थापन	• कार्यालयले अनुसूची ३२ बमोजिमको मापदण्ड अनुसार लाभग्राही छनौट गरी कार्यक्रम सञ्चालन गर्ने । • बाख्रा पालन व्यवसायको लागि उपयुक्त चरनक्षेत्र, हावापानी भएको क्षेत्र हुनु पर्ने • कम्तिमा २५ घरधुरी बाख्रा पालक कृषकभएको हुनु पर्ने • उत्पादनक्षेत्र स्थानमा न्यूनतम २०० माउँ बाख्रा पालन गरेको हुनु पर्ने • बाख्रा पालनको लागि ईच्छुक समूदाय हुनु पर्ने • बजारीकरणको पहुंच भएको हुनु पर्ने • प्रमाणित देविप्रकोप कृषक सदस्य/समूदायलाई प्राथमिकता दिईनेछ	जिल्लाभर	बाख्रा पालक कृषक समुह/सह कारी	• कार्यालयले लागत अनुमान स्वीकृत गरी कार्यक्रम सञ्चालन गर्ने • बीउ/बेर्ना/नश्लखरिद, भौतिक पूर्वाधार निर्माण, मेशिनरी औजारमा ५०% सम्म अनुदान उपलब्ध गराईने
४	लक्षित वर्ग विशेष आय आर्जन कार्यक्रम	• बाली/वस्तु उत्पादन,प्रशोधन तथा बजारीकरण सम्बन्धि कार्यक्रम सञ्चालन गर्नु पर्ने • आवस्यक पूर्वाधार निर्माण,मर्मत,सुधार • उत्पादन सामग्री/औषधी • तालिम तथा सचेतना	• कार्यालयले उपयुक्त स्थान छनौट गरी लक्षित समूदायको मागको आधारमा बाली/वस्तु पहिचान गर्नु पर्ने • यस कार्यक्रममा आदीवासी जनजाती ,मुक्त कमैया /कम्लहरी ,भूमिहिन ,मुसहर चिडिमार ,पासी, मंगता, नटुवा, गाडरीया बादी ,बोटे, माझी ,कुमाल, दलित, तथा आर्थिक रुपले विपन्न वर्गलाई प्राथमिकता दिनुपर्ने • लक्षित समूदायमा प्रतिघरधूरी ५० वटा कुखुरा, बाख्रा/वँगूरको हकमा ३ वटा पाठापाठी र भैंसीको हकमा २ वटा पाडा/पाडी को दरले वितरण गरी आवश्यकता अनुसार खोर/ गोठ लगायतका पुर्वाधार निर्माण /मर्मत सम्भार गरि कम्तीमा २० जना घर धुरी समावेश गरि कार्यकरम सन्चालन गर्नुपर्ने	जिल्लाभर	कृषक समुह/सह कारी	• कार्यालयले लागत अनुमान सहितको कार्ययोजना स्वीकृत गरी सञ्चालन गर्ने । • प्रति परिवार अधिकतम रु. ५० हजार बराबरको वस्तुगत सहयोग उपलब्ध गराउन सकिने छ ।
५	**ILRI** संगको सहकार्यमा पशुको उत्पादकत्व सुधार कार्यक्रम	• पोषण सुधार (खनिज तत्व सहितको पोषण सुधारीएको घाँसेवाली, साईलेज, घाँस पराल भुसाको उपचार सन्तुलित आहारा आदी) • हर्ड हेल्थ Management, प्रजनन सूधार शिविर • गाई/भैंसी अनुवंशकीय सुधार • तालिम, (कृषक प्राविधिक विज्ञ र मूल्यश्रृङखला सरोकारवालहरु • ग्रामिण प्रवर्द्धक परिचालन • मूल्य श्रृंङखला विकास • अनुवंशकीय तथ्याङ्क व्यवस्थापन । अनुगमन,मूल्याङ्कन र प्रतिवेदन	• दूग्ध सहकारी तथा दूधको कारोवर गर्ने कृषि सहकारी/ कृषक समूह हुनु पर्ने • गाई/भैंसी पालन कृषक सदस्यहरु छनौट गरी कार्यक्रम सञ्चालन गर्ने • प्रदेश सरकार र सहकारी/समूहको समन्वयमा कार्यक्रम सञ्चालन गर्न सकिने • **ILRI** ले प्रतिपादन गरेको प्रविधि स्थानीय आवस्यकता अनुसार अबलम्बन गर्नु पर्ने • कार्यालयले ग्रामिण पशुप्रबर्द्धक **Village Livestock Promoter (VLP)** को रुपमा कार्य गर्ने गरी प्राविधिक कर्मचारी समेत खटाउन सकिनेछ ।	जिल्लाभर	दूग्ध उत्पादक समूह/सह कारी	• कार्यालयले प्राविधिक सम्भाव्यताको आधारमा सहकारी/समूह छनौट गर्ने । • कार्यालयले स्वीकृत वजेटको परिधिमा रही कार्ययोजना स्वीकृत गरी वस्तुगत सेवा र प्रवधिमूलक कार्यक्रम सञ्चालन गर्ने

कार्यालय प्रमुख

संलग्न गर्नु पर्ने कागजातहरु:

१.अनुसूची २३ अनुसारको प्रस्तावकको निवेदन, अनुसुची २५ बमोजिमको व्यवसायिक कार्ययोजना ।

२.सम्वन्धित निकायमा दर्ता तथा नविकरण भएको प्रमाण-पत्रको प्रतिलिपि (समूह/ निजी फर्म/ कम्पनी/ सहकारी)

३.स्थायी लेखा नं. प्रमाणपत्र प्रतिलिपि तथा गत आ.व.को कर चुक्ताको प्रतिलिपि।

४ कृषक तथा कृषक समूहको हकमा स्थायी लेखा नम्बर प्रमाण पत्रको प्रतिलिपी (छनौट भएमा सम्झौता पूर्व पेश गर्नु पर्ने)

५.प्रस्तावकको नागरिकताको प्रतिलिपि ।

६.सम्वन्धित स्थानीय तहको सिफारिस पत्र।

७.समुह/समिति/सहकारीको हकमा प्रस्ताव स्वीकृत गरि अनुदान माग गर्न गरिएको निर्णयको प्रतिलिपि ।

८. निर्माण गरिने पुर्वाधारको हकमा लागत अनुमान तथा नक्शा ।जग्गाधनि प्रमाण पुर्जा र व्लू प्रिन्ट नक्साको प्रमाणित प्रतिलिपी वा जग्गा भाडामा लिई कार्यक्रम सञ्चालन गर्नेको हकमा १० वर्ष वा तोकिएको अवधिको अवधिको जग्गाको करार पत्र।

९. विगत ३ वर्ष देखि सोहि प्रकृतिको कार्यक्रममा कुनै पनि अनुदान नपाएको स्व-घोषणा पत्र ।

पुनश्चः यस सूचनामा आवश्यक विषयहरु छुट हुन गएमा कृषि पशुपन्छी तथा सहकारी विकास कार्यक्रम संचालन कार्यविधि २०८२ बमोजिम गरिने व्यहोरा अनुरोध छ ।कार्यक्रम संचालन कार्यविधि २०८२ को अनुसूची २३ अनुसारको आवेदकको निवेदन र अनुसुची २५ बमोजिमको व्यवसायिक कार्य योजनाकोफर्मेट यस कार्यालयको वेभसाईट (www.Arghakhanchi.vethos.gov.np) बाट प्राप्त गर्न सकिनेछ ।विनियोजित वार्षिक वजेटमा कुनै प्रकारको सशोधन हुन आएमा सोहि बमोजिम स्विकृत कार्ययोजना अनुसार सम्झौता गरी कार्यक्रम सञ्चालन गरिनेछ ।

थप जानकारीको लागि यस कार्यालयको टेलिफोन नं.०७७-४२००७२ र ४२०११६मा सम्पर्क गर्नुहुन ।

डा. प्रवेश सिह कुँवर
कार्यालय प्रमुख

कार्यालय प्रमुख